अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१०/१८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादी **प्रमोद नेपाल** समेत २ जना (प्रमोद नेपाल र हरिभक्त श्रेष्ठ प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं. ०७९-CR-००३०), बिशेष अदालतबाट फैसला भएको मिति २०८०/१०/१९	घुस/रिसवत लिई भ्रष्टाचार गरेको।	प्रस्तुत मुद्दामा देहाय बमोजिमका प्रतिवादीहरु समेत उपर सजायको मागदावी लिइएको अवस्था विद्यमान छः **<u>प्रतिवादी प्रमोद नेपालको हकमा आरोपदावीका बिषयमा हेर्दाः</u>** प्रस्तुत मुद्दामा मिशिल संलग्न तथ्य, प्रमाण र विवेचित आधार तथा कारणहरुबाट श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन महाशाखामा कार्यरत प्राविधिक उपसचिव प्रमोद नेपालले निवेदक टेक बहादुर गर्बुजा पुनसमेतसँग ग्लोबल ट्राभल्स एण्ड एड्भेन्चर प्रा.लि.बाट म्याग्दी जिल्लाको पुन हिलमा प्याराग्लाईडिङ्ग सञ्चालन गर्न सञ्चालन अनुमतिपत्र (लाईसेन्स) लिनको लागि घुस/रिसवत माग गरी मिति २०७९।०४।१७ गते रु.६,००,०००।–(अक्षरेपी छ लाख मात्र) घुस/रिसवत लिई निज सवार रहेको बा१झ ९९४६ HYUNDAI SANTRO कारको चालक सिटको बाँयापट्टी रहेको सिटको अगाडी रहेको ड्यासबोर्डमा राखेको अवस्थामा रकम बरामद भएको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी प्रमोद नेपालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर गरेको हुँदा निज प्रतिवादीलाई बिगो रू.६,००,०००।–(अक्षरेपी छ लाख मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवानाको सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय हुन मागदावी लिईएको देखिन्छ।	<u>फैसलाः</u> प्रस्तुत मुद्दाका सम्बन्धमा कूल २ जना प्रतिवादीहरुमध्ये प्रतिवादी प्रमोद नेपालको हकमा आरोप मागदावीको आंशिक ठहर हुने तथा अर्का प्रतिवादी हरिभक्त श्रेष्ठले प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ, जसमा: **<u>प्रतिवादी प्रमोद नेपालको हकमाः</u>** प्रस्तुत मुद्दामा विशेष अदालत,काठमाण्डौबाट मिति २०८०।१०।१९ मा फैसला हुँदा प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादीले कार्यालयको कामसँग सम्बन्धित उजुरकर्ताहरुलाई कार्यालय समय पछि अरन्य बुटिक होटलमा भेटघाट गरेको तथ्यलाई स्वीकार गरेको देखिएको, त्यस्तै बरामदी मुचुल्कामा उल्लिखित रकम प्रतिवादी प्रमोद नेपालको गाडीभित्र बरामद भएकोमा पनि विवाद नदेखिएको, उजुरकर्ता र निज प्रतिवादी बीच भएको टेलिफोन संवादको स्क्रिप्ट हेर्दा रिसवत लेनदेनको बारेमा कुराकानी भएको देखिएको, यसरी अनुसन्धानबाट संकलित प्रमाणहरुबाट राष्ट्रसेवकको रुपमा रहेका यी प्रतिवादी प्रमोद नेपालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) विपरीतको कार्य गरी कसूर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो रु.६,००,०००।– बराबर जरिवाना र सोही दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम १ बर्ष ६ महिना कैद सजाय हुने ठहर्छ, साथै निज प्रतिवादी प्रमोद नेपाललाई अर्का प्रतिवादी हरिभक्त श्रेष्ठसँग सापटी लिएको भनिएको रकमको सम्बन्धमा उक्त ऐनको दफा ५ को उपदफा (१) बमोजिमको आरोपदावी लिईएकोमा प्रमाणबाट	क) प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादी प्रमोद नेपालले आफू कार्यरत मन्त्रालय मातहतको नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नियमन हुने वि.वि. एयरवेज प्रा.लि.मा मिति २०७८।०७।०५ देखि २०७८।११।३० सम्म Consultant को रुपमा कार्यरत रहेका हरिभक्त श्रेष्ठ तथा उक्त अवधिमा निजको जिम्मेवारी श्री संकृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा वायुसेवा ईजाजत नवीकरणकोलागि आवश्यक पर्ने documents तयार गर्न सहयोग गर्ने र सो सम्बन्धी सम्बन्धित निकायहरुमा समन्वय गर्ने जिम्मेवारीमा रहेको र निज हरिभक्त श्रेष्ठ मिति २०७८।१२।०१ देखि प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहेको भनी उल्लेख भएको प.सं. बिबिए।२०७९।०२२, मिति २०७९।०५।०५ को बिबि एयरवेजबाट प्राप्त पत्रबाट स्पष्ट देखिएको, साथै उक्त बिबि एयरवेजको ईजाजत नवीकरणकोलागि पेश भएको निवेदन कार्यान्वयनकोलागि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट उठेको टिप्पणी र आदेश पत्रमा निज प्रतिवादी प्रमोद नेपालले राय व्यहोरा लेखि मिति २०७८।११।१५ मा हस्ताक्षर गरी सहसचिव श्री बुद्दी सागर लामिछाने समक्ष पेश गरी सोही मन्त्रालयका सचिवबाट स्वीकृत भएको व्यहोरा र मिशिल संलग्न प्रमाण कागजातहरुबाट निज प्रतिवादीहरुले आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कामसंग सम्बन्धित व्यक्तिसंग सापटी लिएको देखिंदा देखिदै तथा अनुसन्धानको क्रममा आयोग समक्ष घटना बिवरण कागज गर्ने तनुजा पोखरेल, चुडामणी खनाल, रविन भण्डारी तथा मान बहादुर तमाङ्गले समेत बरामद भएको भनिएको रु.१६,५०,०००/- (अक्षरेपी सोह्र लाख पचास हजार मात्र) रकमको हकमा प्रतिवादी प्रमोद नेपालले सेवाग्राहीसँग घुस रिसवत लिएको हो वा विवि एयरवेज प्रा.लि.को उडान अनुमतिको नविकरण कार्य गरिदिए वापत लिएको हो वा सो कार्यमा प्रभावित पार्ने हेतुले सापट लिएको हो भनी यकिन गरिदिने स्पष्ट दायित्व नभएका निज व्यक्तिहरुले घटनाको बारेमा भनेका भनाईलाई न्यायोचित रुपमा विवेचना नगरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। ख) प्रतिवादीहरुले भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानूनद्वारा वर्जित गरेको सापटी लिने दिने कार्य गरेको निजहरुको काम व्यवहारबाट

			साथै,निज प्रतिवादी प्रमोद नेपालले आफू बहाल रहेको पदअनुसार बि.बि.एयरवेज प्रा.लि.को इजाजत नविकरण सम्बन्धित कार्य सम्पादन गरेकोमा निजले सोही कार्य सम्पादन गरेको बि.बि.एयरवेज.प्रा.लि.को प्रमुख कार्यकारी अधिकृत हरिभक्त श्रेष्ठसँग रु.१६,५०,०००।–(अक्षरेपी सोह्र लाख पचास हजार मात्र) सापटी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी प्रमोद नेपाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) अनुसार कैद सजाय गरी वरामद भई आएको उक्त रकम रु.१६,५०,०००।–(अक्षरेपी सोह्र लाख पचास हजार मात्र) सोही ऐनको दफा ५(१) बमोजिम जफत गरी पाउन समेत मागदावी लिईएको। **<u>प्रतिवादी हरिभक्त श्रेष्ठको हकमा आरोपदावीका बिषयमा हेर्दाः</u>** प्रस्तुत मुद्दामा मिशिल संलग्न तथ्य, प्रमाण र विवेचित आधार तथा कारणहरुबाट बि.बि.एयरवेज प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत प्रतिवादी हरिभक्त श्रेष्ठले आफू वहाल रहेको बि.बि.एयरवेज प्रा.लि.को इजाजत नविकरण सम्बन्धि कार्य सम्पादन गरेका राष्ट्रसेवक कर्मचारी प्रमोद नेपाललाई रु.१६,५०,०००।–(अक्षरेपी सोह्र लाख पचास हजार मात्र) सापटी दिई निज प्रमोद नेपाललाई लाभ पुऱ्याउने कार्य गरी प्रमोद नेपालले गरेको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूरमा ऐ.ऐनको दफा २२ बमोजिम मतियारको भूमिका निर्वाह गरेको हुँदा	कसूर पुष्टि हुन नआएकोले सो हद सम्मको आरोपदावी पुग्न सक्दैन भन्ने समेत व्यहोराको फैसला भएको अवस्था छ। **<u>प्रतिवादी हरिभक्त श्रेष्ठको हकमाः</u>** प्रस्तुत मुद्दामा विशेष अदालत,काठमाण्डौबाट मिति २०८०।१०।१९ मा फैसला हुँदा प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादी हरिभक्त श्रेष्ठसँग रु.१६,५०,०००।– सापटी लिएको भनी प्रतिवादी प्रमोद नेपालले जिकिर लिएको र प्रतिवादी हरिभक्त श्रेष्ठले पनि सोही व्यहोरा मिलान हुने बयान गरेको देखिएको सन्दर्भमा सो सापटी सम्बन्धी रकम प्रतिवादी प्रमोद नेपाल र प्रतिवादी हरिभक्त श्रेष्ठको कामसँग सम्बन्धित भएको नदेखिंदा निज प्रतिवादी हरिभक्त श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूरको मतियारको आरोपदावीबाट सफाई पाउने ठहर्छ भन्ने समेत व्यहोराको फैसला भएको अवस्था छ। **<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>** प्रस्तुत मुद्दामा सम्मानित बिशेष अदालत, काठमाण्डौबाट कूल २ जना प्रतिवादीहरुमध्ये प्रतिवादी प्रमोद नेपालको हकमा आंशिक दावी पुग्ने तथा अर्का प्रतिवादी हरिभक्त श्रेष्ठको हकमा निज प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्: क) प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादी प्रमोद नेपालले चलाएको बा१झ ९९४६ नम्बरको सरकारी नम्बर प्लेट भएको खरानी रङ्गको HUNDAI SANTRO कारको चालक सिटको पछाडी सिटमाथि रहेको Tip top लेखिएको सेतो	प्रमाणित भईरहेको,निज प्रतिवादीहरुले आफूहरुले रु.१६,५०,०००।- रकम लेनदेन गरेको व्यहोरामा अन्यथा दावी नलिएको, आपसमा व्यक्तिगत सम्बन्ध रहेको बताएता पनि उक्त कुराको प्रमाण पेश गर्न नसकेको अवस्थामा निजहरु आफ्नो कार्य सम्पादनको सिलसिलामा परस्पर सम्बन्धित व्यक्ति रहे भएको कुरा मिशिल संलग्न बिबि एयरवेजको पत्र र नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिशिल संलग्न टिप्पणी र आदेश समेतबाट देखिईरहेको व्यहोरा समेतलाई अनदेखागरी निज प्रतिवादीहरुले आरोपित कसूरबाट उन्मुक्ती पाउन गरेको ईन्कारी बयान तथा प्रतिवादीका साक्षीहरुको अदालत समक्ष गरेको बकपत्रलाई प्रमुख आधारमानी भएको सम्मानित बिशेष अदालत काठमाण्डौको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले सो हद सम्म बदरभागी रहेको। ग) प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादीहरुले बदनियतपूर्वक आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कामको स्पष्ट सम्बन्ध रहे भएको व्यक्ति हो भन्ने जान्दा जान्दै, निज प्रतिवादी प्रमोद नेपाल नागरिक उड्डयन क्षेत्रको नियामक निकायको तालुक मन्त्रालयको कर्मचारी रहे भएको र अर्का प्रतिवादी हरिभक्त श्रेष्ठ सोही मन्त्रालय मातहतमा रहेको नियामक निकायबाट नियमन हुने बिबि एयरवेजमा कार्यरत रहेको कर्मचारी रहे भएको देखिएबाट निजहरुको सापटी लिने कार्य भ्रष्टाचारजन्य कसूर भएको मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट देखिंदा देखिदै निज प्रतिवादीहरुको साक्षीहरु जो यस घटनाका प्रत्यक्षदर्शी साक्षी समेत होईनन् ले भनेका बकपत्रको भनाई र राष्ट्र सेवक कर्मचारी पनि सामाजिक प्राणी हो, विविध कारणले निजलाई पनि अपर्झट आर्थिक संकट वा रकमको खाँचो पर्न सक्छ, यसै क्रममा निकटष्थ वा घनिष्ट व्यक्तिसंग केही समयको लागि व्यक्तिगत ऋण सापट माग्नु पर्ने वा लिनु पर्ने हुन्छ, राष्ट्र सेवकले आफूले गर्नु पर्ने कार्यमा कैफियत गरेको छैन भने सेवाग्राहीबाट ऋण सापट लिएको कारणले मात्र भ्रष्टाचारको कसूर ठह-याईदिनु न्यायसंगत नहुने भन्ने आधारमा प्रस्तुत मुद्दाको मिशिल संलग्न महत्वपुर्ण तथ्य तथा प्रमाण समेतलाई अनदेखा गरी भएको फैसला सम्मानित सर्वोच्च अदालतबाट **नेपाल सरकार विरुध्द रमेशकुमार तामाङ** भएको भ्रष्टाचार (घुस/रिसवत)(मुद्दा नं.०७३-CR-११८२) मुद्दामा मिति २०७८।०४।१९ मा भएको फैसलाको प्रकरण नं.२१ समेतको विपरीत हुने गरी भएको बिशेष अदालत काठमाण्डौको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको।

			बि.बि.एयरवेज प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत निज प्रतिवादी हरिभक्त श्रेष्ठउपर सोही ऐनको दफा ५ को उपदफा (१) ले हुने सजायमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदावी लिईएको।	रङ्गको फाइबरको झोला भित्र रहेको Bf dear hill shoes लेखिएको सेतो रङ्गको फाइबरको झोलाबाट बरामद भएको रु.१६,५०,०००।- (अक्षरेपी सोह्र लाख पचास हजार मात्र) प्रतिवादी प्रमोद नेपालले बिबि एयरवेज प्रा.लि.को उडान अनुमतिको कार्य प्रभावित पार्ने हेतुले सापटी लिएको भन्ने नदेखिएको। ख) प्रतिवादी हरिभक्त श्रेष्ठले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग आयोग समक्ष बयान गर्दा बरामद भएको रु.१६,५०,०००।- (अक्षरेपी सोह्र लाख पचास हजार मात्र) व्यक्तिगत सम्बन्धको आधारमा नितान्त मानवीय सहयोग स्वरुप सापटीको रुपमा दिएको हुँ, घुस रिसवत बापत होईन भनि आरोपित कसूरमा ईन्कार रहेको देखिएको । ग) निज प्रतिवादी प्रमोद नेपालको साक्षी विनोद कुमार घिसिङ समेतले प्रतिवादीको बयानलाई समर्थित हुनेगरी बकपत्र गरेको देखिएको। घ) प्रतिवादी प्रमोद नेपालको साथबाट बरामद भएको रु.१६,५०,०००।- (अक्षरेपी सोह्र लाख पचास हजार मात्र) को हकमा घुस रिसवत बापत लिएको भनी पुष्टि गर्ने Audio/Video रेकर्ड रहेको नदेखिएको।	घ) प्रस्तुत मुद्दाका सम्बन्धमा मिशिल संलग्न मिति २०७९।०४।१७ गतेको खानतलासी/बरामदी मुचुल्का, प्रतिवेदन पेश गर्ने प्रतिवेदक एवम् खानतलासी तथा बरामदी मुचुल्काको रोहवरमा बस्ने दिपक तामाङ समेतले खानतलासी तथा वरामदी मुचुल्का र प्रतिवेदनको ब्यहोरा ठिक साँचो हो सोमा भएको सहीछाप आफ्नै हो भनी सनाखत समेत गरी करिव एकै मिलानको बकपत्र समेत गरिदिएका, उक्त बरामदित रकम मध्ये रु.१६,५०,०००।– निज प्रतिवादी प्रमोद नेपालले प्रतिवादी हरिभक्त श्रेष्ठसँग भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानूनद्वारा वर्जित सापटी लिएको रकम रहे भएको कुरा मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट स्पष्ट देखिंदा देखिंदै निज प्रतिवादीहरुलाई आरोपमागदावी बमोजिम सजाय गर्नु पर्नेमा सो नगरी उक्त सापटी कारोबारहरु घुस रिसवत बापतको रकम लिएको भनी पुष्टि गर्ने अडियो/भिडियो रेकर्डबाट नदेखिएको भन्ने समेत आधारमा भएको उक्त फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपुर्ण भएकोले सो हदसम्म बदरभागी रहेको।